## परिच्छेद - १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ:

(१) यस विधेयकको नाम "रिब्दीकोट गाउँपालिकाको संस्था दर्ता ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ ।

(३) यो ऐन रिब्दीकोट गाउँपालिका भित्र मात्र लागु हुनेछ ।

२. परिभाषा:

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधेयकमा,-

(क) "संस्था" भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, बैज्ञानिक, शैक्षिक, बौद्धिक, सैद्धान्तिक, शारीरिक, आर्थिक, व्यावसायिक तथा परोपकारी कार्यहरुको विकास एवं बिस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ संस्था, क्लब, मण्डल, परिषद्, सामुदायिक संस्था, टोल विकास समिति, अध्ययन केन्द्र लगायतका संघ संस्था सम्झनुपर्छ र सो शब्दले प्रचलित कानुन बमोजिमको गठित उपभोक्ता समितिलाई समेत जनाउँनेछ ।

(ख) "अध्यक्ष" भन्नाले रिब्दीकोट गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

(ग) "उपाध्यक्ष" भन्नाले रिब्दीकोट गाउँ कार्यपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ ।

(घ) "कार्यपालिका" भन्नाले रिब्दीकोट गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनुपर्छ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले रिब्दीकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

